# गौरादह नगरपालिकाको विपद व्यवस्थापन मापदण्ड, २०८२

**प्रस्तावना**

अव्यवस्थित बसाइसराई, जथाभावी वन फडानी तथा अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली, कृषिमा अव्यवस्थित चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायुजन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी, पहिरो, महामारी, झाडापखाला, अनिकाल, आगलागी र भूकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरुको मृत्यु हुने गरेको छ । यस्ता प्रकारका विपदबाट जीउधन माथि भएको क्षतिका साथै भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यसरी हुने गरेका मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्नका लागि स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम र नगर विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ अनुसार यस्ता प्रकारका क्षतिमा खर्च गर्दा कार्यविधिमा तोकिए अनुसार मापदण्ड बनाई खर्च गरेमा प्रभावकारी हुने देखिएकोले यो विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२ निर्माण गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम गौरादह नगरपालिकाको विपद व्यवस्थापन मापदण्ड, २०८२ रहनेछ ।
(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२.परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **"नगरपालिका"** भन्नाले गौरादह नगरपालिकाको कार्यालय गौरादह सम्झनु पर्छ ।

(ख) **"व्यवस्थापन समिति"** भन्नाले विपद्कोष सञ्चालन कार्यविधि, २०७५ अनुसार गठित सञ्चालन समितिलाई सम्झनु पर्छ ।

(ग) **"कार्यविधि"** भन्नाले गौरादह नगरपालिकाको विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ लाई सम्झनु पर्छ।

(घ) **"बिपद कोष"** भन्नाले स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ बमोजिम र गौरादह नगरपालिका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ बमोजिम निर्माण भएको कोषलाई सम्झनु पर्छ ।

(ङ) **"विपद"** भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, पशु, चौपायाको क्षतिको साथै जीवन यापनमा प्रतिकुल असर परी वा पारी विपदबाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने बाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद्र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

छत्रपति सुवेदी
नगर प्रमुख

(च) **"प्राकृतिक विपद"** भन्नाले बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प, विष्फोट, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्‌लाई सम्झनु पर्छ ।

(छ) **"गैर प्राकृतिक विपद"** भन्नाले महामारी, अनिकाल, डढेलो, कीट आतङ्क, वर्डफ्लु, सर्पदंश, जनावर आतङ्क, खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन, विशाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्‌का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ । (तर गैर प्राकृतिक विपद्‌को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

(ज) **"विपद व्यवस्थापन"** भन्नाले विपद जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद्‌पूर्वतयारी, विपद्‌पुनर्लाभ संग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनुं पर्छ ।

(झ) **"विपद्‌जोखिम न्यूनीकरण"** भन्नाले विपद् पूर्व गरिने विपद्‌जोखिम विश्लेषण तथा मूल्याङ्कन, विपद रोकथाम, विपद अल्पीकरण तथा विकास कार्यमा विपद्‌जोखिम न्यूनीकरणको मूलप्रवाहीकरणसँग सम्वन्धित कार्य सम्झनु पर्छ ।

(ञ) **"पूर्व तयारी"** भन्नाले विपद हुनुपूर्व सम्भावित विपद्‌को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्‌को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

(ट) **"समिति"** भन्नाले गौरादह नगरपालिका विपद जोखिम न्यूनीकरण तथा व्यस्थापन गर्न बनेको ऐन, २०७५ को परिच्छेद २ अनुसारको समितिलाई सम्झनु पर्छ ।

**३.उद्देश्य :-**

- विपदमा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु,
- विपद्‌का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु,
- विपदबाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलव्ध गराउनु,
- विपद्‌को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलव्ध गराउनु,
- विपद व्यवस्थापनको काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु,

**४.आपतकालीन उद्धार तथा राहत वितरण**

**४.१ आपतकालीन उद्धार तथा राहत वितरण**

छत्रपति सुवेदी
नगर प्रमुख

१) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. २,००,०००/ (दुई लाख रुपैयाँ) का दरले मृतकका परिवारलाई उपलव्ध गराई जिल्ला विपद व्यवस्थापनसँग सोधभर्ना माग गर्ने र पालिकाबाट रु. २५,०००।- अन्त्येष्टि खर्च उपलब्ध गराउने ।

२) विपद्को घटनामा परी कुनै व्यक्तिको घाईते भएको रहेछ भने राहत स्वरुप प्रति घाइते रु. १५,०००/का दरले परिवारलाई सहयोग उपलव्ध गराउने ।

३) विपदबाट पक्की घर पूर्ण रुपमा नष्ट भएमा तत्कालको लागि रु. ५०,०००/-

४) विपदबाट पक्की घर आंशिक क्षति भई तत्काल मर्मतको लागि रु. २५,०००/-

५) विपदबाट कच्ची घर पूर्ण रुपमा नष्ट भएमा तत्कालको लागि रु. २५,०००/-

६) विपदबाट कच्ची घर आंशिक क्षति भई तत्काल मर्मतको लागि रु. १५,०००/-

७) विपदबाट पक्कि टहरो पूर्ण रुपमा क्षति भएकोमा रु. १५,०००/-

८) विपदबाट पक्कि टहरो आंशिक रुपमा क्षति भएकोमा रु. १०,०००/-

९) विपदबाट कच्ची टहरो पूर्ण रुपमा क्षति भएकोमा रु. १०,०००/-

१०) विपदबाट कच्ची टहरो आंशिक रुपमा क्षति भएकोमा रु. ८,०००/-

११) सामान्य घरको आगन, पर्खाल, कर्सो तथा अन्य क्षति भएकोमा रु. ३,०००/-

१२) आगोलागीबाट परालको कुन्यु लगायत अन्य क्षति भएमा क्षति हेरी बढीमा रु. १०,०००/-

१३) सडक, मुख्य बाटोहरुको हकमा वडाको सिफारिस, वडा प्राविधिकको इस्टिमेटको आधारमा तुरुन्त मर्मत गर्ने ।

१४) जिन्सी राहत सम्बन्धमा समितिको बैठकले गरेको निर्णय अनुसार राहत उपलब्ध गराईने छ।

१५) विस्थापन गर्ने घर, टहरो, गोठको लागि के कस्तो थप सहयोग वा राहत दिन सकिन्छ समितिको बैठक बसी निर्णय गर्न सकिने छ ।

१६) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन, आवश्यक सहयोग र समन्वय गर्ने ।

१७) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ७ दिन भित्र क्षतिको विवरण झल्किने प्रहरी सरजमिन मुचुल्का, घटनाको फोटो, वडाको सिफारिस तथा अन्य आवश्यक कागजात सहित समितिमा निवेदन पेश गर्नु पर्नेछ ।

**४.२ खानेपानी र सिचाई**

खानेपानी तथा सिंचाइ र मुहान संरचनामा क्षति भएमा स्थलगत रुपमा प्राविधिक अनुगमन गरी क्षतिपूर्तिको लागि नगरस्तरीय विपद व्यवस्थापन समितिमा पेश गर्ने ।

**४.३ कृषितर्फको विपद् सम्बन्धी राहत**

छत्रपति दुवेदी
नगर प्रमुख

खाद्यान्न बाली तरकारी बाली फलफूलबाली तथा अन्य बाली:- बालीको क्षति भए पश्चात् स्थलगत प्राविधिक अनुगमन र लागत अनुमान गरी क्षेत्रफलको आधारमा बढीमा रु. २०,०००। क्षति रकम उपलब्ध गराउन सकिनेछ ।

### ४.४ पशुपन्क्षी/मत्स्यतर्फको विपद सम्बन्धी राहात

विपदमा परी क्षति भएका पशुपन्क्षी सम्बन्धी क्षतिपूर्ती रकम प्राविधिक अनुगमन गरी क्षतिको आधारमा तपशिल बमोजिम उपलब्ध गराउने ।

१.गाइ, गोरु, भैंसीको विपदमा परी मृत्यू भएमा प्रति गोटा बढीमा रु. १०,०००।-

२.भेडा, बाख्रा, बंगुर, सुँगुरको विपद परी मृत्यु भएमा प्रति गोटा बढीमा रु. ५,०००।-

३.व्यावसायिक रुपमा फर्म दर्ता गरी पञ्क्षीपालन गरिरहेको र विपदबाट क्षति भएमा बढीमा रु. २०,०००।-

४.मत्स्य पालन व्यवसायमा विपद परी क्षति भएमा बढीमा रु. २०,०००।-

५.पशुपन्क्षीको गोठ/खोर विपद परी क्षति भएमा बढीमा रु. १०,०००।-

### ५.अनुगमन तथा प्रतिवेदन तथा बैठक भत्ता सम्वन्धमा

(१) यों मापदण्ड अनुसार गरिएका काम कारवाहीको लागि नगरकार्यपालिकाबाट अनुगमन गरिनेछ ।

(२) यो मापदण्ड अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन नगर कार्यपालिकामा पेश गरिनेछ ।

(३) यो मापदण्ड अनुसार गरिएका काम कारवाहीको लागि नगरकार्यपालिकाबाट अनुगमन र बैठक भत्ता नगरपालिकाको नियम अनुसार हुनेछ ।

### ६.संशोधन तथा परिमार्जन सम्वन्धमा

नगरपालिका विपद् व्यवस्थापन सम्बन्धित कार्यविधि व्यवस्थित बनाउन आवश्यकता अनुसार नगरकार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

### ७.खारेजी तथा बचाऊ

यस विपद व्यवस्थापन मापदण्डमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ को नियम तथा अन्य प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म खारेजी हुनेछ ।

गौरादह नगरकार्यपालिकाको वैठक सँख्या १३ मिति २०८२\०१\१५ गतेको बैठकबाट गौरादह नगरपालिकाको विपद व्यवस्थापन मापदण्ड, २०८२ पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

२०८२।०१।१५

..............................

छत्रपति सुवेदी

नगर प्रमुख

छत्रपति सुवेदी

नगर प्रमुख